नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

सूचना प्रकाशन मिति २०७६/०९/०९

## गरिबसँग विश्वेश्वर कार्यक्रमको कार्यक्रम समन्वयकर्ता सेवा करारद्वारा पूर्ति गरिने सम्बन्धी सूचना ।

यस मन्त्रालय अन्तर्गत सञ्चालनमा रहेको गरिबसँग विश्वेश्वर कार्यक्रमको देहायका जिल्लामा कार्यक्रम समन्वयकर्ताको पद (प्रत्येक जिल्लाको १/१ जनाका दरले १० जना ) रिक्त रहेकोले उक्त पदमा योग्यता पुगेका व्यक्ति छनौट गरी करारवाट पदपूर्ति गर्न गरिबसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका (तेश्रो संशोधन), २०६६ को व्यवस्था अनुसार कार्यक्रम समन्वयकर्ता खुल्ला प्रतिस्पर्धावाट छनौट गरी सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ बमोजिम करार सेवामा लिई काममा लगाउन आवश्यक भएकोले देहायका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिन भित्र** यस मन्त्रालयको कोठा नं. १०१ वा ३११ दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **उम्मेदवारको योग्यताः-**

छ. नेपाली नागरिक हुनुपर्ने ।

ज. मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा १२ कक्षा वा सो सरह उत्तिर्ण गरेको ।

झ. २५ वर्ष पूरा गरी ४० वर्ष ननाघेको ।

ञ. सरकार वा स्थानीय निकायलाई तिर्नु पर्ने बक्यौता वा दायीत्व नरहेको ।

ट. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुदार नठहरिएको ।

ठ. प्रचलित कानून बमोजिम सरकारी सेवाको लागि अयोग्य नरहेको ।

२. **दरखास्त साथ पेश गर्नु पर्ने कागजातः-** ईच्छुक उम्मेदवारले देहायका प्रमाण कागजात संलग्न राखी दरखास्त दिनुपर्ने छ ।

च. रु. १० (दश) को टिकट टाँस गरेको दरखास्त ।

छ. फोटो सहितको व्यक्तिगत विवरण ।

ज. शैक्षिक योग्यताहरुको प्रमाणपत्रको प्रतिलिपी ।

झ. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

३. **परीक्षाको माध्यम तथा छनौट विधिः-** अन्तरवार्ता

४. **अन्तर्वार्ता मितिः-** दरखास्त दिने अन्तिम मितिमा तोकिनेछ ।

५. **सेवा सुविधा र करारका मुख्य शर्तहरूः-** प्रति महिना पारिश्रमिक रू. २३,००० मात्र उपलब्ध हुनेछ। कामको सिलसिलामा भ्रमण गर्दा रा.प.अनं. प्रथम श्रेणीको कर्मचारीले पाए सरहको दैनिक भ्रमण भत्ता उपलब्ध गराईनेछ । गरिबसँग विशेश्वर कार्यक्रमको जिल्ला कार्यक्रम समन्वयकर्ता भई तोकिए बमोजिमको कार्य गर्नु पर्नेछ ।

६. **काम गर्नुपर्ने जिल्लाहरूः** (१) सोलुखुम्बु (२) उदयपुर (३) सिन्धुपाल्चोक (४) धादिङ (५) मकवानपुर (६) गुल्मी (७) पाल्पा (८) डोल्पा (९) हुम्ला (१०) बाजुरा (प्रत्येक जिल्लाको १/१ जनाका दरले १० जना )

७. **प्राथमिकताः-**

(क) सम्बन्धित जिल्लाको स्थायी वासिन्दा।

(ख) सम्बन्धित कार्यक्रमको अनुभव हासिल गरेको ।

२०७६/९/९

शाखा अधिकृत